माईजोगमाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**इलाम, प्रदेश नं. १, नेपाल**

# सङ्गठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

(२०७८)

माईजोगमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. १ नयाँबजार, इलाम
२०७३

प्रमुख प्रशासकीय अधिकृत

**पेश गरिएको निकायः**

माईजोगमाई गाउँ कार्यपालिकाको कार्यालय

नयाँबजार, इलाम

# खण्ड-१: परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ ले लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । यसै गरी धारा २१६ मा स्थानीय तहको कार्यकारिणी अधिकारअन्तर्गत (१) संविधान र सङ्घीय कानूनको अधीनमा रही नगर/गाउँ कार्यपालिकामा निहित रहने, (२) स्थानीय कार्यकारिणी अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भएबमोजिम हुने र (३) संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र गाउँपालिकाको शासन व्यवस्थाका सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ/नगर कार्यपालिकाको हुने व्यवस्था रहेको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित साविकका स्थानीय निकायहरू वि.सं. २०७२ साल असोज ३ गते नयाँ संविधान जारी भएपश्चात् स्थानीय सरकारमा रूपान्तरित हुनपुगेका छन् । यसबाट हिजोका स्थानीय निकायहरूको तुलनामा आजका स्थानीय सरकारहरूको कार्यक्षेत्र र भूमिका बृहत् हुन पुगेको छ । यस सन्दर्भमा नेपालको संविधानको भावना अनुरूप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा कर्मचारीको एक तहको व्यवस्थापन पनि भैसकेको छ । बदलिँदो अवस्थाअनुरूप स्थानीय सरकारको स्वरूप ग्रहण गर्न र थपिएको जिम्मेवारी वहन गर्न तथा विद्यमान भौगोलिक क्षेत्र, काम, कर्तव्य र जिम्मेवारीको दायरालगायत सेवाप्रदान गर्नुपर्ने जनसङ्ख्याको आकारको आधारमा विद्यमान साङ्गठानिक स्वरूप र जनशक्तिमाथि पुनरावलोकन गर्नुपर्ने अवस्था छ । यस सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) मा समेत कर्मचारी समायोजनको काम सम्पन्न भई सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकताअनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने उल्लेख छ । साथै सोही ऐनको दफा १२ को उपदफा (५) मा स्थानीय तहको सङ्गठन संरचना र दरबन्दीमा समायोजन हुने कर्मचारीको पद सङ्ख्या तथा समायोजनबाट पूर्ति हुननसक्ने पद सङ्ख्या प्रक्षेपण गरी प्रदेश र स्थानीय तहको रिक्त पद खुलाई पदपूर्तिको लागि सिफारिस गर्न नेपाल सरकारले लोकसेवा आयोगलाई अनुरोध गर्न सक्ने व्यवस्था गरेको छ ।

संविधानको धारा ३०२ मा स्थानीय सेवाप्रवाहका लागि नेपाल सरकारले राष्ट्रसेवक कर्मचारी समायोजन गरी सेवाप्रवाहको व्यवस्था मिलाउने उल्लेख छ । यस अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (ङ) मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारमा स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी व्यवस्था रहेको छ । सोही ऐनको परिच्छेद ११ मा "प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्था"अन्तर्गत दफा ८१ देखि दफा ९१ सम्म स्थानीय तहका कार्यालय सङ्गठन र कर्मचारीको व्यवस्थापन नियुक्ति, सेवा सुविधाका शर्तहरू, वृत्ति विकासका अवसर तथा विषयगत शाखा स्थापना आदिका बारेमा स्पष्ट व्यवस्था गरेको छ । यस अनुसार नेपाल सरकारले कर्मचारी समायोजन गरे पश्चात स्थानीय तहले आफ्नो आवश्यकता अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा वडा समिति समेतलाई समेटी कार्यालयको कार्यबोझ एवम् भौगोलिक क्षेत्र तथा सेवाप्रदान गर्नुपर्ने जनसङ्ख्याको आधारमा विद्यमान साङ्गठानिक स्वरूप र कर्मचारी सङ्ख्यामा थपघट गर्नुपर्ने अवस्था देखिएको छ ।

माईजोगमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. १ नयाँबजार, इलाम

# विषयसूची


खण्ड-१: परिचय ३

१.१ अध्ययनको पृष्ठभूमि ३

१.२ अध्ययनको उद्देश्य ४

१.३ अध्ययनको औचित्य ५

१.४ अध्ययनको विधि ५

१.५ अध्ययनको सीमा ६

खण्ड-२: गाउँपालिकाको विद्यमान साङ्गठानिक संरचना र समग्र अवस्था ७

२.१ विद्यमान सङ्गठन ढाँचा ७

२.२ विद्यमान कर्मचारीको अवस्था ८

२.३ विद्यमान सङ्गठन संरचना र दरबन्दी सम्बन्धमा रहेका समस्या ११

खण्ड-३: विद्यमान कानून एवम् स्थानीय तहका काम, कर्तव्य र अधिकारहरू १३

३.१ विद्यमान कानून एवम् स्थानीय तहका काम, कर्तव्य र अधिकारहरू १३

३.२ कार्यक्रमको विश्लेषण १३

३.३ कार्यबोझको विश्लेषण १३

३.४ उपलब्ध मानव श्रोतको आँकलन १४

मौजुदा जनशक्तिको आर्थिक व्ययभार (हाल कार्यरत) १५

खण्ड-४: प्रस्तावित सङ्गठन संरचनाको औचित्य र व्याख्या २१

४.१ प्रस्तावित सङ्गठन संरचनाको औचित्य र व्याख्या २१

४.२ प्रस्तावित दरबन्दीको औचित्य र व्याख्या २२

४.३ प्रस्तावित शाखा, उपशाखा तथा इकाइहरूको कार्य विवरण २६

खण्ड-५: निष्कर्ष र सुझावहरू २७

अनुसूचीहरू २८

अनुसूची- १_गाउँपालिकाको विद्यमान सङ्गठन संरचनाको स्वरूप निम्नअनुसार रहेको छ: २८

अनुसूची-१ (क)_विद्यमान दरवन्दी तेरिज २९

अनुसूची - २ ३०

२.१ नेपालको संविधान ३०

२.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ३१

२.३ अन्तर सरकारी वित्तव्यवस्था ऐन ४९

३.४ कर्मचारी समायोजन ऐन, २०७५ ले गरेको व्यवस्था ५०

अनुसूची - ३ ५५

अनुसूची - ४ ६०

प्रस्तावित शाखाहरूको कार्य विवरण ६०

अनुसूचि - ५ ८५

कर्मचारीहरुको कार्यविवरण ८५


माइंजोगमाइं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रदेश नं. १ नयाँबजार, इलाम २०७३

प्रमुख प्रशासकीय अधिकृत